उच्च अदालत पोखरा इजलास बागलुङको भवन जोखिममा

डम्मर बुढा मगर/हिटा
बागलुङ, १६ मंसिर

२०७२ सालमा गएको भूकम्पले बागलुङ जिल्लामा धेरै घर तथा सरकारी भवन र कार्यालयमा क्षति पुऱ्याएको थियो । केही घर तथा भवनहरू पूर्णरूपमा ध्वस्त नै भएका थिए भने केहीमा आंशिक क्षति पुगेको थियो । तीमध्ये अधिकांश घर तथा भवनहरू पुनर्निर्माण भइसके भने केही अझै पनि हुन सकेका छैनन् । त्यसमध्ये भूकम्पले चर्काएर उच्च जोखिमको सूचीमा परेको एक सरकारी कार्यालयको अहिलेसम्म पनि पुनर्निर्माण सुरु भएको छैन ।

भूकम्पले क्षति पुगेको ६ वर्ष बित्दा पनि पुनर्निर्माण हुन नसकेको उच्च अदालत पोखरा इजलास बागलुङको भवन हो । भूकम्पपछिको प्राविधिक मूल्यांकनमा रातो स्टिकर टाँसेको भवन प्राविधिक हिसाबले तत्कालै छोड्नुपर्ने हुन्छ । तर, २०७२ सालको भूकम्पपछि रातो स्टिकर टाँसेको भवनबाट हालसम्म उक्त कार्यालयले सेवा दिइरहेको छ । भूकम्पपछि सरकारले अधिकांश कार्यालय र घरहरू पुनर्निर्माण गरिसकेको भए पनि उच्च अदालत पोखरा बागलुङ इजलासले त्यही रातो स्टिकर टाँसेको भवनबाट न्याय सेवा दिइरहेको छ । काठ र इँट्टाबाट बनेको उच्च अदालतको भवन भूकम्पका कारण चर्किए पनि अदालतले न्याय सम्पादनको विकल्प नपाउँदा जोखिमयुक्त भवनबाट न्याय सेवा दिइरहेको छ । अहिले अदालतको प्रांगणमा इजलास निर्माण गरिएको छ भने अन्य सेवा जीर्ण भवनबाटै दिइरहेको छ ।

अदालतको भवन निर्माणका लागि लामो समय बजेट विनियोजन हुन नसक्दा अहिलेसम्म जोखिम मोलेरै सेवा दिइरहेको छ । सरकारले बल्ल उच्च अदालतको भवन पुनर्निर्माणका लागि यो आर्थिक वर्षमा बहुवर्षे योजनामा समावेश गरेको उच्च अदालत पोखरा बागलुङ इजलासले जनाएको छ ।

२०७२ सालको भूकम्पले चर्काएर रातो स्टिकर टाँसेको उच्च अदालत पोखरा बागलुङ इजलासको भवन बनाउन ढिलो गरी निर्माणको प्रक्रियामा पुगेको भए पनि अदालतलाई कहाँ सार्ने भन्ने विषयमा समस्या भएको उच्च अदालत पोखरा बागलुङ इजलासका रजिष्ट्रार नेत्रप्रसाद भुषालले जानकारी दिनुभयो । 'अस्थायी ट्रसको छाप्रोमा दुई इजलास बनाएर काम चलाएका छौँ, जीर्ण भवनमा तीन इजलास थिए, भवनको उपल्लो तला चर्किएकाले खाली गरेका छौँ तर तल्लो तलाबाट बाध्यात्मक भएर सेवा प्रवाह भइरहेको छ,' रजिष्ट्रार भुषालले भन्नुभयो, 'अहिले भवन निर्माणको प्रक्रिया अगाडि बढेर बजेटसमेत विनियोजन भएको छ । तर, अदालतले भवन बन्दासम्म सेवा दिने स्थान खोज्नै सकस भएको छ ।'

अहिले अदालत भइरहेको भवनमा नयाँ भवन बनाउनका लागि भूकम्प गएको छ वर्षपछि बहुवर्षे योजनाअन्तर्गत चार करोड रकम विनियोजन भइसकेको छ । तर, भवन निर्माण नहुन्जेल अदालतले कहाँबाट सेवा दिने भन्ने अन्योल रहेको उच्च अदालत पोखरा बागलुङ इजलासका मुख्य न्यायाधीश द्वारिकामान जोशीले बताउनुभयो ।

नक्सा फाइनल भएर आएपछि बल्ल ठेक्का प्रक्रियामा जाने उच्च अदालत पोखरा बागलुङ इजलासको भनाइ छ । भूकम्पले चर्काएको भवनबाट न्याय सम्पादन गर्दा न्यायका लागि अदालत आउने सेवाग्राही र न्याय दिनेहरूलाई समेत समस्या भइरहेको छ । उनीहरूले जोखिम मोलेरै भए पनि न्याय सम्पादन गरिरहेका छन् ।

कहीं कतै नभए सार्वजनिक जग्गामा ट्रसको छाप्रो हालेर भए पनि न्याय सम्पादन गर्ने गरी भवन निर्माणलाई अगाडि बढाउने अदालतको योजना छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
हुलाकी राजमार्ग निर्देशनालय
योजना कार्यालय धनगढी, कैलाली

नि.व्य श्री लामा/साल्पा शेर्पा/बिरुवा जे.भी लाई
अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०७८।०८।१७)

तपाई नि.व्य.श्री लामा/साल्पा शेर्पा/बिरुवा जे.भी.काठमाण्डौं Contract No HRP/3372244/067/68/BC- 004 , Construction of RCC Bridge Over Kandra River along Sati-Bhajani-Dhangadhi Road, Kailali निर्माण कार्य मिति २०६८।०२।३१ मा खरिद सम्झौता भई मिति २०७०।०८।३० मा सम्पन्न गर्ने गरी हुलाकी राजमार्ग निर्देशनालय, काठमाण्डौं बिच सम्झौता भई पटक पटक गरी मिति २०७८।१२।३० गते सम्म निर्माण कार्यको म्याद थप भएको व्यहोरा अवगत नै होला । अन्तिम पटक म्याद थप हुँदा पेश गर्नु भएको कार्यतालिका र प्रतिवद्धता अनुसार निर्माण कार्य संन्तोषजनक नभएकाले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र के कति कारणले निर्माण कार्य हाल सम्म सूचारु नभएको हो ? सो को उचित कारण खुलाई आधिकारिक प्रतिनिधी यस योजना कार्यालय धनगढीमा उपस्थित हुनु हुन यो सूचना जारी गरिएको छ । उक्त थप अवधिमा निर्माण कार्य सम्पन्न हुने कुरामा कार्यालय आश्वस्त हुन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र ठेक्का सम्झौता मा भएका प्रावधान बमोजिम थप कारवाही अगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ ।

योजना प्रमुख

चिटिक्क पर्दै 'मौरिस हर्जोग ट्रेल' : धमाधम पूर्वाधार निर्माण गरिँदै

ध्रुवसागर शर्मा/हिटा
म्याग्दी, १६ मंसिर

प्रशस्तै पर्यटकीय सम्भावनाहरू रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङदेखि अन्नपूर्ण प्रथम हिमालको उत्तरी आधार शिविर जोड्ने 'मौरिस हर्जोग ट्रेल' मा पूर्वाधार निर्माण भएपछि सो पदमार्ग चिटिक्क परेको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जाने 'मौरिस हर्जोग ट्रेल' मा धमाधम पूर्वाधार निर्माण हुन थालेपछि पर्यटकहरूलाई सुविधा पुग्नुका साथै यात्रा पनि सहज भएको हो ।

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङबाट दुई दिनमै आधार शिविर पुग्न सकिने गरी पदमार्ग, आश्रयस्थल, विश्राम गर्ने चौतारालगायतका पूर्वाधार निर्माण गरिएको हो । पर्यटन मन्त्रालयबाट विनियोजन भएको करिब दुई करोड ८० लाख बजेटबाट गत वर्षदेखि निर्माण सुरु भएको पूर्वाधार निर्माण योजना अन्तिम चरणमा पुगेको छ ।

नेपाल भ्रमण वर्ष २०२० का अवसरमा अन्नपूर्ण गाउँपालिकाले पदमार्ग सञ्चालन गरेको थियो । आठ हजार मिटरभन्दा अग्ला हिमालको पहिलोपटक आरोहण गर्नुभएका फ्रान्सका मौरिस हर्जोगका नाममा तयार भएको यो पदमार्ग आधार शिविर पुग्ने छोटो र सुरक्षित पदमार्ग भएकाले यसको व्यापक प्रचारप्रसार र पूर्वाधार निर्माणमा पहल गरिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष क्याप्टेन डमबहादुर पुनले बताउनुभयो ।

अन्नपूर्ण आधार शिविर म्याग्दीमा पर्ने सन्देश प्रवाह गराउन पदमार्गको प्रवेशबिन्दु नारच्याङमा दुई वर्षअघि प्रथम अन्नपूर्ण पर्यटन महोत्सवसमेत गरिएको बताउँदै अध्यक्ष पुनले यो पदमार्गलाई गाउँपालिकाको पर्यटन विकासको नयाँ आयामका रूपमा विकास गर्न लागिपरेको जानकारी दिनुभयो ।

हर्जोगले १९५० जुन ३ मा अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्दै आठ हजारभन्दा अग्ला हिमालमा पहिलो पाइला टेक्ने दुर्लभ रेकर्ड बनाउनुभएको थियो । अन्नपूर्ण प्रथम आरोहण भएको तीन वर्षपछि सगरमाथामा मानव पाइला परेकाले यसलाई जेठो हिमाल पनि भनिन्छ । आधार शिविरको भ्रमण, हिमाल आरोहणसँगै

झरना, ताल, वन्यजन्तु, वनस्पतिको सौन्दर्यमा रमाउन पाउनु यस पदमार्गका आकर्षण हुन् । अघिल्लो वर्ष यसै पदमार्ग हुँदै आधार शिविर पुगेर ७० जनाले हिमालको आरोहण गरेका थिए । अहिले गत असारयता मात्रै करिब सात सय बढी आन्तरिक पर्यटकहरू आधार शिविर पुगेको अनुमान गरिएको छ ।

नारच्याङको दोभान-छोटेपा हुँदै हुमखोलासम्म सडक सञ्जाल पुगेपछि हुमखोलादेखि आधार शिविरसम्म पदमार्गलगायतका पूर्वाधार निर्माण गरिएको छ । हालसम्म ढुंगा चिनेर ६ हजार पाँच सयवटा सिँढी बनाइएको छ भने करिब १४ किलोमिटर पदमार्ग निर्माण भएको पाइएको पदमार्ग निर्माण समितिका स्थानीय संयोजक तेज गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन समिति नारच्याङका अध्यक्षसमेत रहनुभएका गुरुङका अनुसार २०६८ सालमा पहिचान भएको पदमार्गमा आधारभूत पूर्वाधार निर्माण कार्यले पूर्णता पाउन लागेको छ ।

त्यसैगरी निलगिरिखोला हाइड्रोपावर प्रालि प्रवर्द्धक रहेको ३८ मेगावाट क्षमताको निलगिरिखोला जलविद्युत् आयोजनाले अक्करे पहाडमा विस्फोटक पदार्थको प्रयोग गरेर दोभानबाट हुमखोला जोड्ने १३ किलोमिटर पहुँचमार्ग निर्माण गरेको छ । यो सडकले दुई दिनको यात्रा दुई घण्टामा छोट्टिएपछि आधार शिविर पुग्न लाग्ने अवधि छोट्टिएको गुरुङले जानकारी दिनुभयो ।

पदमार्गअन्तर्गत छोटेपा, हुमखोला, फुतफुते झरना, सन्धिखर्क, भुसकेत, धर्मशालामा गरी ६ ठाउँका खोलामा झोलुंगे पुल निर्माण गरिएको छ भने ६ स्थानमा आश्रयस्थल निर्माण भइरहेको छ । निलगिरि हिमालको फेदी हुमखोलाबाट करिब १४ किलोमिटर लामो पदमार्गमा ढुंगाको सिँढी चिनिएको छ भने अक्करे पहाड र भिरमा रेलिङसमेत राखिएको छ ।

पर्यटन विभागबाट खानी एन्ड एनवी जेभी निर्माण कम्पनीले ठेक्कामार्फत् पदमार्गमा पूर्वाधार बनाउने जिम्मा लिएको थियो । अहिलेसम्म करिब ७० प्रतिशत पूर्वाधार निर्माणको काम सकिएको र दुई महिनाभित्र सबै काम सम्पन्न गर्ने योजना रहेको निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर होमराज गौतमले बताउनुभयो । उहाँका अनुसार पदमार्गअन्तर्गत पाँच ठाउँमा काठको साँघु, १० ठाउँमा चौतारालगायतका पूर्वाधारसमेत निर्माण भइरहेको छ । यस पदमार्गमा यसअघि पर्यटन विभागसँगै प्रदेश सरकार, गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को समेत लगानीमा पदमार्ग, झोलुंगे पुल, फड्के पुल, सिँढीलगायतका पूर्वाधार निर्माण गरिएको थियो ।

BIRTAMODE MUNICIPALITY
Office of Municipal Executive
Birtamode, Jhapa

Invitation for Online Bids

Date of Publication: - 2078/08/17

1. Birtamode Municipality has allocated funds towards the cost of construction of Premixed Carpet/Interlock Concrete Block roads with RCC drain to apply part of the funds to cover eligible payments under the following works. Bidding is open to all eligible bidders as per section V of Bidding Document.
2. Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa invites electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Interested bidders should register in e-GP system and deposit the cost of bidding documents mentioned table below in the bank account as specified below :-

a. Name of the Bank: **NIC Asia Bank**
b. Name of Office : **Birtamode Municipality, Office of Municipal Executive**, **Birtamode, Jhapa**
c. Office Code No. : **801011205**
d. Office Account no.: **246CA50018870002 (Sanchit Kosh Khata)**

5. Electronic bids must be submitted to Birtamode Municipality, Office of Municipal Executive through PPMO's eGP system www.bolpatra.gov.np/egp on or before **2078/09/18** at 12 : 00 Hours.
6. Pre-bid meeting shall be held at Birtamode Municipality Office, Office of Municipal Executive, Birtamode, Jhapa at **2078/09/11** at 14 : 00 Hours.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on **2078/09/18** at Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa. Bids must be valid for a period of **90** days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting as mention in table below which shall be valid for **30** days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash should be deposited in the following bank account :

a) Name of the bank **:- NIC Asia Bank**
b) Name of Office **:- Birtamode Municipality, Office of Municipal Executive**
c) Office Code No**. :- 801011205**
d) Office Account No. **:- 246CA50018870005 (Dharauti Khata)**

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Detail of works are as given below :-

Sn.	Contract Identification No.	Description of Works	Bid Security Amount (NRs.)	Bid Document Price (NRs)	Estimated Amount (Without VAT) (NRs.)
1	BTMMUN/WORKS/ ROAD//NCB -16/078-79	Garamani Bajar-Guwabari-Haldibari Road Interlock Concrete Block with RCC Drain, BTM -8	1,40,000.00	3,000.00	54,63,333.81
2	BTMMUN/WORKS/ ROAD//NCB -17/078-79	Manju Karki Ko Ghar-Lavgaj Road Premixed Carpeting Works, BTM-8	90,000.00	3,000.00	35,34,599.01
3	BTMMUN/WORKS/ ROAD//NCB -18/078-79	Rekha Chowk-Dakshin-Danda Gaun-Rudra Karki ko Ghar Chheu Road Premixed Carpeting Works, BTM-7	75,000.00	3,000.00	28,61,614.13
4	BTMMUN/WORKS/ ROAD//NCB -19/078-79	Anbindra Khatri ko Ghar Purba-Devi Campus-Takshashila School-Harka Lal Road, Birtamode-6	60,000.00	3,000.00	23,29,770.03

Chief Administrative Officer

बालीपीडित किसानले अझै पाएनन् राहत

विवेक खड्का/हिटा
दाङ, १६ मंसिर

बेमौसमी वर्षातले क्षति पुगेका कृषकहरूले हालसम्म कुनै राहत पाउन सकेका छैनन् । स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारबाट कुनै पनि राहत पाउन नसकेको कृषकहरूको गुनासो छ । केही राहत आएको छ कि ? भनेर कृषकहरू दैनिकजसो आउने गरेको स्थानीय तहहरूले जनाएका छन् ।

कृषकहरू कुनै राहत पाइन्छ कि भनेर स्थानीय तहहरूमा बुझ्न आए पनि रित्तो हात फर्किने गरेका छन् । वर्षातले क्षति भएको धेरै भए पनि हालसम्म क्षतिबापत केही राहत पाउन नसकेको कृषक वसन्त अधिकारीले बताउनुभयो । 'सरकारले कति क्षति भयो भनेर टिपेर लैजाने काममात्र गऱ्यो,' उहाँले भन्नुभयो, 'सरकारले कृषकलाई आशामात्र देखाउने काम गरेको छ ।' कृषकहरूलाई राहतका लागि स्थानीय सरकारले हालसम्म कुनै पनि राहतका कार्यक्रम ल्याउन सकेका छैनन् । स्थानीय सरकारहरू पनि प्रदेश सरकार र संघीय सरकारको पर्खाइमा छन् ।

तुलसीपुर उपमहानगरपालिकाले कृषकलाई राहत दिनका लागि कुनै पनि निर्णय नगरेको तुलसीपुर उपमहानगरपालिकाका कृषि शाखा अधिकृत धनराज गौतमले जानकारी दिनुभयो । नगर क्षेत्रमा क्षति भएको विवरण संकलन गरेर कृषि ज्ञान केन्द्रमार्फत् प्रदेश सरकार तथा सम्बन्धित निकायमा पठाए पनि कुनै राहत कार्यक्रम आउन नसकेको उहाँले बताउनुभयो । घोराही उपमहानगरपालिकाले पनि कृषकहरूलाई राहतका लागि हालसम्म कुनै पनि निर्णय नगरेको नगरपालिकाका सूचना अधिकारी भीमबहादुर चौधरीले बताउनुभयो । हालसम्म नगर कार्यपालिकाले पनि कुनै निर्णय नगरेको र प्रदेश तथा संघीय सरकारबाट कुनै राहतका लागि रकम नआएको उहाँले बताउनुभयो । लमही नगरपालिकाको पनि अवस्था उस्तै छ । नगरपालिका आफैँले केही निर्णय गर्न सकेको छैन भने प्रदेश तथा संघीय सरकारबाट राहतका लागि रकम नआएको लमही नगरपालिका कृषि शाखाका अधिकृत अमरकुमार चौधरीले जानकारी दिनुभयो ।

नगरपालिका कृषकहरूलाई राहत प्रदान गर्ने विषयमा सकारात्मक भए पनि हालसम्म निर्णय भने हुन नसकेको उहाँको भनाइ छ । राप्ती गाउँपालिकाले पनि कृषकहरूलाई राहत प्रदान गर्नका लागि कुनै निर्णय भइनसकेको जनाएको छ । प्रदेश तथा संघीय सरकारमा राहतका लागि प्रयास जारी राखेको गाउँपालिकाका कृषि शाखा अधिकृत अनिल अधिकारीले जानकारी दिनुभयो ।

केही समयअघि आएको बेमौसमी वर्षाले करिब ७० करोड रुपैयाँको धानबालीमा क्षति पुऱ्याएको थियो । जिल्लाका १० वटा स्थानीय तहहरूबाट संकलन गरेको तथ्यांकअनुसार उक्त रकम बराबरको धानबालीमा क्षति पुगेको हो । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा ६९ करोड १७ लाख ६ हजार २२५ रुपैयाँको क्षति भएको हो ।

जिल्लामा आठ हजार ९९८ दशमलव ९ हेक्टर क्षेत्रफलमा लगाइएको धानमा पानीले क्षति पुऱ्याएको थियो । करिब २७ हजार ६६८ दशमलब २५ मेट्रिकटन धान नोक्सान भएको कृषि ज्ञान केन्द्र दाङका प्रमुख बुद्धिराज घिमिरेले जानकारी दिनुभयो । जसमा ४७८ हेक्टर क्षेत्रफलको काटिएको धान बगाएको छ भने आठ हजार ५२१ हेक्टर क्षेत्रफलमा रहेको धान ढालेर क्षति पुऱ्याएको केन्द्रले जनाएको छ । जिल्लामा ३९ हजार चार सय हेक्टरमा धानखेती गरिएको कृषि ज्ञान केन्द्र दाङले जनाएको छ ।

राहतका लागि मापदण्ड

यसैबीच, बेमौसमी वर्षाका कारण धानबालीमा क्षति पुगेका किसानले राहत पाउने भएका छन् । गृह मन्त्रालयले राहत वितरण गर्न बनाएको मापदण्ड 'बेमौसमी वर्षाका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८' अनुसार राहत पाउने भएका हुन् । मापदण्डमा उल्लेख भएअनुसार धानको न्यूनतम समर्थन मूल्यका आधारमा राहत दिइनेछ ।

धानबालीमा पूर्णरूपमा क्षति पुगेका साना किसानलाई उत्पादन लागतको ६५ प्रतिशत, मध्यम किसानलाई ३० प्रतिशत र ठूला किसानलाई २० प्रतिशत राहत उपलब्ध गराइने मापदण्डमा उल्लेख छ । त्यस्तै, आंशिकरूपमा क्षति पुगेका ठूला, मध्यम र साना किसानले लागतको २० प्रतिशत पाउनेछन् । 'तर, ५५ हजारभन्दा बढी राहत उपलब्ध गराइने छैन,' मापदण्डमा उल्लेख छ । तीन बिघाभन्दा बढी जग्गा भएको ठूला, १० कट्ठाभन्दा बढी र तीन बिघासम्म जग्गा भएको मध्यम र १० कट्ठा जग्गा भएकालाई साना किसान भनेर बुझिन्छ । सोही क्षेत्रफलमा अरूको जग्गामा लगाउने किसानले पनि राहत पाउनेछन् ।

किसानले राहतका लागि आफ्नै जग्गामा धानखेती गरेको भएमा त्यस्तो जग्गाको कित्ता नम्बर र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, अरू कसैको जग्गामा भए जग्गाधनीसँग आपसी समझदारी वा करार गरी धानखेती गरिएको भए त्यस्तो धानबालीमा लगाइएको जग्गाको कित्ता नम्बर र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाणपुर्जासँगै जग्गाधनी र किसानबीच भएको करार सम्झौताको प्रतिलिपि वा जग्गाधनीले गरिदिएको कागज स्थानीय तहमा रहेको सिफारिस समितिमा पेश गर्नुपर्नेछ ।

'कागजात पेश गर्न नसक्ने किसानले धानखेती गरेको जग्गाको चार किल्लासहितको जग्गाको क्षेत्रफल र उपलब्ध भएसम्म जग्गाको कित्ता नम्बर खुलाई एकजना वडा सदस्य र धानबाली खेती गरेको जग्गा रहेको स्थानबाट नजिकका कम्तीमा तीनजना किसानको सनाखतसहित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, किसानको धानबालीको क्षतिको विवरण, किसानको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र किसानको बैंक खाताको विवरण आवश्यक पर्छ,' मापदण्डमा उल्लेख छ । स्थानीय तहले आफ्नो स्थानीय तहमा धानबालीमा पुगेको क्षतिको आंकलन गर्दा सो स्थानीय तह रहेको जिल्लाको औसत उत्पादनका आधारमा धानबालीमा पुगेको क्षतिको आंकलन गर्नुपर्ने छ । रकम जिल्लास्थित कोष तथा नियन्त्रण कार्यालयले किसानको खातामा पठाइदिनेछ ।